नेपाल सरकार

गृह मन्त्रालय

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

१९ चैत २०८२ बुलेटिन संख्या #२१०९

| घटना संख्या | मृत्यु संख्या | बेपत्ता संख्या | घाइते संख्या | अनुमानित क्षति (ने.रू.) | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| १७ | ० | ० | २ | १०,३७,१०० | ० | ८ |

## घटना सारांश:

| घटना | जिल्ला | घटना संख्या/विवरण | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| आगलागी | सिरहा | लहान ना.पा-२३ करइया टोल बस्ने ३५ वर्षिया महिला चुलोमा दाउराबाट खाना पकाउने क्रममा अचानक सारीमा आगो सल्किई दुबै हात र कम्मर पछाडिको भाग १०% जलि घाइते । | ० | ० | १ | घाइतेलाई प्रादेशिक अस्पताल लहान लगि उपचार भइरहेको । |
| | सिरहा | धनगढीमाइ न.पा.-६ फुलकहाकट्टि टोल स्थित एक गोठमा घुरबाट आगलागी हुँदा ५ हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | इप्रका धनगढी र अ.प्र.पोष्ट कसहाको टोली र स्थानीय भई आगो नियन्त्रण । |
| | रौतहट | गुजरा न.पा.-६ खतबैया टोल स्थित धानको एक भखारीमा आगलागी हुँदा १ लाख रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.रंगपुरको टोली खटि गएको । |
| | गोरखा | गोरखा न.पा.-६ घ्याम्पेशाल बसपार्क स्थित टिकटक होटल एण्ड लजको भान्सामा खाना बनाई रहेको अवस्थामा ग्यास लिक भई आगलागी हुँदा भित्ता सामान्य जली क्षति । | ० | ० | ० | जि.प्र.काको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | कपिलवस्तु | यशोधरा गा.पा.-१ तितिर्खा स्थित लु२त ९६५९ नं.को मेसिनबाट गहुँ काट्ने क्रममा कम्पाईण्डको व्याट्री सर्ट भई आगलागी हुँदा २० विघाको गहुँ जली ७ लाख ८० हजार एक सय रुयैयाँको क्षति। | ० | ० | ० | प्र.चौ. तुल्सीपुरबलुहवाको टोली, स्थानीय र दमकलको सहयोगमा आगो नियन्त्रण । |
| | बाँके | राप्तीसोनारी गा.पा.-७ लालपुर स्थित एक घरमा अचानक आगलागी हुँदा घर पूर्ण रुपमा जलि लत्ताकपडा, कागजपत्र गरी ५० हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | प्र.चौ.फत्तेपुरक र इ.प्र.का. भगवानपुरको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण । |
| | जाजरकोट | छेडागाड न.पा.-६ रातामाटा स्थित एक गोठमा आगलागी हुँदा २ वटा भैसी, ६ वटा गाई गोरु जलि मृत्यु, गोठ जली पूर्ण रुपमा जली क्षति । | ० | ० | ० | - |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कैलाली | घोडाघोडी नपा-२ जंङ्पुर स्थित खेतमा रहेको हाईटेन्सन लाईनको विद्युतको पोलमा तार सर्ट भई आगोको झिल्का गहुँबारीमा खसी आगलागी हुँदा १७ हजर रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | अप्रपोष्ट साडेपानीको टोली खटि आगो नियन्त्रण । |
| वन डढेलो | कपिलवस्तु | शिवराज न.पा.-९ चमरभुजिया र बानियाभारको बिचमा पर्ने चिसापानी सामुदायिक वनमा आगलागी । | ० | ० | ० | इ.प्र.का. सुन्दरीडाँडाको टोली र स्थानीयको सहयोगमा आगो नियन्त्रण। |
| | पाल्पा | तानसेन न.पा.-१ गोर्खेकोट नजिकै खन्यानमा आगलागी । | ० | ० | ० | प्र.चौ. गाप्टुङको टोली खटि निभाउने काम भईरहेको । |
| | जाजरकोट | भेरी न.पा.-१ स्थित कमेरेनि सामुदायिक वनमा आगलागी । | ० | ० | ० | प्रहरी र स्थानीय मिली निभाउने प्रयास भईरहेको । |
| | सल्यान | शारदा न.पा.-१३ स्यानिखाल स्थित घोर्नेटी सामुदायिक वन, साधखर्क सामुदायिक वन र गाइगौरी सामुदायिक वनमा आगलागी । | ० | ० | ० | अ.प्र.पोष्ट स्यानिखालको टोली र स्थानीय मिली निभाउने प्रयास भइरहेको । |
| | अछाम | बान्निगढी जयगढ गा.पा.-४ स्थित हाडा पुवा जंगलमा लागेको आगो ऐ. गा.पा.-३ स्थित रामारोशन सडक खण्डमा पार्किङ गरी राखेको एउटा जे.सि.बी.मा सल्किई क्षति । | ० | ० | ० | प्र.चौ. जयगढको टोली र स्थानीय मिली निभाउने कार्य भइरहेको । |
| हावाहुरी | रौतहट | बौधिमाई नपा-८ सरमुज्वा स्थित विद्युतको ११ हजार भोल्ट भएको हाईटेन्सन लाईन भएको तार माथि गुजरा माई एफ.एम. रेडियोको टावर हावाहुरीको कारण ढल्दा विद्युत अवरोध । | ० | ० | ० | प्र.चौ. बंकुलको टोली खटि गएको । |
| | गोरखा | गोरखा न.पा.-१४ पाउदि स्थित हावाहुरीका कारण स्थानीय ३ जना व्यक्तिका घरको छानो उडाई क्षति । | ० | ० | ० | प्र.चौ. मझुवादेउरालीको टोली खटि गएको । |
| जनावर आक्रमण | झापा | हल्दीबारी गा.पा-२ कालोटोपी गाउँ स्थित एक घरमा जंगली हात्ती आई किराना पसल फुटाइ मुरै, सोयाबिन, मुसुरी दाल, आटा, तोरीको तेललगायतका किराना सामान गरी ३५ हजार रुपैयाँ बराबरको क्षति । | ० | ० | ० | प्रचौ हल्दिबारीको टोली खटि गएको । |
| | बाँके | कोहलपुर न.पा.-१३ सिम्री बस्ने ५० वर्षिय पुरुष खेतमा गँहु काट्न गएको अवस्थामा छाडा छाडेको कुकुरले हात र घाँटीमा टोकी घाइते । | ० | ० | १ | घाइतेलाई उपचारको लागि भेरी अस्पताल नेपालगन्ज लगिएको । |
| जम्मा संख्या | | १७ | ० | ० | २ | |

❖ *नोटः चैत १८ गते विहान १०:०० बजे देखि १९ चैत विहान १०:०० बजेसम्म*

**विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि** www.twitter.com/ndrrma_Nepal **र** www.facebook.com/ndrrma/videos **र** www.youtube.com/NDRRMA **मा जानुहोस्।**